सुस्ता गाउँपालिकाका अध्यक्ष श्रीमान् टेकनारायण

उपाध्यायद्वारा गाउँ सभामा प्रस्तुत

# सुस्ता गाउँपालिकाको आ.व. २०८२/०८३ को

# नीति तथा कार्यक्रम

सुस्ता गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कुडिया नवलपरासी (व.सु.प.)

मिति २०८२ असार ८ गते रोज १ शुभम् (सभामा प्रस्तुत)
मिति २०८२ असार १० गते सभाबाट पास।

CamScanner

**गरिमामय गाउँ सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु, पत्रकार महानुभावहरु, उपस्थित प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, एवं समस्त सुस्ता गाउँपालिकाबासी आमाबुवा, दाजुभाइ तथा दिदी बहिनीहरु,**

१. नेपालको संविधान बमोजिम स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना मध्येको सुस्ता गाउँपालिकाको स्थानीय सरकार प्रमुखको हैसियतले यस गाउँ सभाको १७ औं बर्खे अधिवेशनको गरिमामय गाउँसभामा सुस्ता गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माण, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् वीर शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरुलाई उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न संघर्ष गर्दै आफू भन्दा राष्ट्रलाई माथि राखि नेपालको सुस्ता भूमीलाई बचाउन अहोरात्र खटिँदा जीवन उत्सर्ग गर्ने, घाइते, अपाङ्ग, वेपत्ता हुने तथा भारतीय पक्षबाट पीडामा परेका सुस्ता वासी महान अग्रजहरु तथा योद्धाहरूको राष्ट्रप्रतिको त्याग, तपस्या र बलिदान तथा अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दछु।

३. संविधान र त्यस अन्तर्गत बनेका स्थानीय सरकार संचालन ऐन लगायतका राज्यका कानूनको प्रभावकारी एवं कुशलतम कार्यान्वयन, संघीयताको व्यवहारिक अभ्यासका लागि स्थानीय आर्थिक स्रोतको सशक्त प्रवर्द्धन, पूर्वाधारको निर्माण, स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, स्वरोजगारीका विविध अवसरहरुको सिर्जना, सुशासन प्रवर्द्धन, सरकारी सेवाको सरलीकरण, सुधार र पहुँच, सुस्ता बासी मैत्री शासन प्रणालीको

टेक नारायण उपाध्याय
अध्यक्ष

CamScanner

स्थापना र भ्रष्टाचार प्रतिको शून्य सहनशिलता हाम्रो सरकारका मुख्य प्राथमिकता हुन । विकास निर्माणलाई तिव्रता दिन र सेवा प्रवाहलाई आम सुस्ता वासीले अनुभुति गर्न सक्ने गरी परिवर्तन ल्याउन हामी दृढ भएर अगाडी बढेको कुरा विश्वास दिलाउन चाहन्छु ।

**गरिमामय गाउँ सभाका सभा सदस्यहरु,**

४. नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनामा तीन तहको सरकारले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरे बमोजिम स्थानीय सरकारको हैसियतले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा नीति, योजना र कानून बनाउने र त्यसको कार्यान्वयन गर्ने अधिकार प्राप्त छ । जनताको घरदैलोको सरकार भएकोले संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण र हामीले अपनाएको परिपूर्ण लोकतन्त्र बमोजिम जनआकाङ्क्षा र आवश्यकतालाई यथोचित सम्बोधन तथा लोकतन्त्रका लाभहरू समन्यायीक वितरण गर्न सुस्ता गाउँपालिका सधै जिम्मेवार र प्रतिवद्ध छ ।

५. स्थानीय तहको दोस्रो निर्वाचनको माध्यमबाट व्यक्त भएको जनभावनालाई उच्च सम्मान गर्दै मैले यस आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरीरहदाँ सुन्दर, समृद्ध र सामाजिक न्यायसहितको गाउँपालिका बनाउनको लागि नेपालको संविधान, १६ औँ आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, आर्थिक वर्ष २०८२/०८३ को नेपाल सरकारको नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपालले अन्तर्राष्ट्रिय जगत्मा गरेका प्रतिबद्धता तथा विद्युतीय सञ्चार माध्यममार्फत देश विदेशबाट सङ्कलन भएका सुझाव तथा स्थानीय जनताको माग, अपेक्षा एवम् भावनालाई यस नीति तथा कार्यक्रमको आधारको रूपमा लिएको छु ।

६. सुस्ता क्षेत्र ऐतिहाँसिक रुपमा कठिन ठाउँ हो भन्ने भाष्य लगायत बिबिध समस्याका कारणले पर्याप्त जनशक्तिको आकर्षण गर्न अझै पनि समस्या रहेकोले न्यून जनशक्तिको उपलब्धता र सीमित स्रोत साधनको बाबजुद पनि समुचित व्यवस्थापन मिलाईएकोले

टेक नारायण उपाध्याय
अध्यक्ष

सन्तोषप्रद कार्यसम्पादन भइरहेको छ । जस्तोसुकै परिस्थितिमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई सुरक्षित र सचेत एवम् समुन्नत र सुसंस्कृत समाज निर्माण गर्न, गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, उर्जावान सचेत समाज निर्माण, विकासको छनौट, कार्यान्वयन र वितरण लगायत हरेक तहमा सबैको अर्थपूर्ण जनसहभागिता र सुशासन प्रवर्द्धनमा गाउँपालिका कटिबद्ध छ ।

७. आर्थिक वर्ष ०८१/०८२ मा गाउँ पालिकामा बिभिन्न ६ वटा कार्यविधिहरु निर्माण गरी कानूनको अभावमा कुनै पनि काम रोकिने अवस्थाको अन्त्य गरिएको छ । संघीयताको मुल मर्मनै आन्तरिक रुपमा रहेका समस्याको समाधान गर्न सक्षम बनाउने त्यसको लागि स्थानीय आर्थिक स्रोतको प्रबर्द्धन र परिचालन गर्ने भन्ने रहेको छ । जुन मर्म पूरा गर्न चालु आर्थिक वर्षमा सुस्ता गाउँ पालिकाको स्रोतको रुपमा रहेको नारायणी नदीलाई स्रोतको दोहन गर्नबाट बचाउन ठेक्का व्यवस्थापन गरी उचित राजस्व प्राप्ती भएको छ र आम्दानीका अन्य स्रोतको परिचालन गरिएको छ ।

८. गाउँपालिकामा विभिन्न खोला तथा नारायणी नदीमा उपलब्ध अथाह प्राकृतिक स्रोत साधन, आन्तरिक आम्दानीका राम्रा स्रोत बन्न सक्ने सिमसार ताल तलैया तथा घोलहरु, उदाउँदो बिस्तारित बजार क्षेत्र, प्रसस्त रुपमा रहेको उर्बर कृषि योग्य जमिन, बिभिन्न स्थानीय उत्पादनमा आधारित उद्योगहरु, नेपालकै लामो झोलुङ्गे पुल, भगवान गौतम बुद्धले बुद्धत्व प्राप्त गर्न गृहस्थी जीवन त्यागको सुरुवात गरेको महाभिनिष्क्रमण स्थल **"अनुमाघाट"** क्षेत्रको पर्यटकीय सम्भावना र पालिका भित्र ठूलो संख्यामा रहेका काम गर्न सक्ने उमेर समूहको जनसांख्यीक लाभांश लगायत सबै प्रकारका पालिकाका सम्भावनाका स्रोत तथा साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दै सुशासन, विकास र समृद्धिमार्फत नागरिकको जीवनस्तरमा सकारात्मक एवम् गुणात्मक परिवर्तन ल्याउने ध्येयका साथ मेरो नेतृत्वको स्थानीय सरकार

टेक नारायण उपाध्याय
अध्यक्ष

CamScanner

केन्द्रित छ । विगतको अनुभव र सिकाई, वर्तमानको आधार र उत्प्रेरणाले भविष्य सुनौलो बनाउन सहयोगी हुने विश्वास मैले लिएको छु।

**उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,**

९. अब म नेपाल सरकारको राष्ट्रिय आकाङ्क्षा, प्रदेश सरकारको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य साथै गाउँपालिकाको सोच र वर्तमान परिस्थितिलाई ध्यानमा राखी यस सभाबाट आउने सकारात्मक सुझावहरूलाई यस नीतिको अभिन्न अंगको रूपमा समावेश गरी सर्वसम्मत रूपमा नीति तथा कार्यक्रम यस गरीमामय सभाबाट पारित गर्ने आशा र विश्वासका साथ आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१०. संविधानको अनुसूचीमा उल्लिखित अधिकार सूचीका विषयहरूलाई कार्यान्वयन गर्न, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र रणनीतिक महत्त्वका ठूला आयोजनाबाहेक अन्य पालिकास्तरीय गौरवका, प्रार्थमिकता प्राप्त आयोजनाहरु र आवश्यकतामा आधारित स-साना तथा स्थानीय जनताको लागि महत्त्व बोक्ने आयोजना/कार्यक्रमहरू स्थानीय तहबाटै कार्यान्वयन गरिनेछ ।

११. गाउँ पालिका भित्रका विद्यालयको गुणस्तर सुधार अभियानलाई थप व्यवस्थित, परिस्कृत र वैज्ञानिक रुपमा अगाडी बढाइनेछ । विद्यार्थी अनुपातमा दरबन्दी कम भएका विद्यालयको समस्या समाधान गर्न दिइदै आएको आन्तरिक दरबन्दीलाई आवश्यकतामा आधारित बनाउने, समायोजन र मिलान गर्दै निरन्तरता दिइनेछ ।

१२. गुणस्तर सुधार गर्न कक्षा ५ र कक्षा ८ को परीक्षा थप व्यवस्थित बनाउँदै सञ्चालन गरिनेछ । कक्षा ५, ८ र १० को परीक्षाका आधारमा वार्षिक रूपमा सर्वोत्कृष्ट हुने विद्यार्थी, उत्कृष्ट औषत सिकाइ उपलब्धी हासिल गर्ने शिक्षकलाई प्रोत्साहन गर्न सम्मानित तथा पुरस्कृत गरिनेछ ।

१३. **"विद्यालयमै बढाऔं, विद्यालयमै पढाऔं"** भन्ने नारा सहित पूर्व प्रार्थमिक शिक्षामा बालबालिकालाई आकर्षित गर्न बालमैत्री शैक्षिक वातावरण सिर्जना गर्ने, बालकक्षा

टेक नारायण उपाध्याय
अध्यक्ष

CamScanner

व्यवस्थापनका कार्यक्रमलाई निरन्तरता दिदैँ सुविधायुक्त आकर्षित बाल कक्षा निर्माण अभियानलाई निरन्तरता दिइनेछ। वालविकासमा अध्यापनरत शिक्षिकालाई मन्टेश्वरी तालिम दिंदै शिक्षण सिकाइलाइ प्रभावकारी बनाइ वालवालिकालाई सामुदायिक विद्यालयमा आकर्षण गरिनेछ।

१४. शैक्षिक गुणस्तर सुधार गर्न सामुदायिक विद्यालय तथा शिक्षकहरूलाई शैक्षिक परामर्श उपलब्ध गराउन विषयविज्ञसहितको रोष्टरबाट शिक्षकको कक्षा अवलोकन तथा पृष्ठपोषणको नमुना अभ्यास सुरुवात गरीनेछ। विद्यालयमा नियमितता, समयपालना र अनुशासन कायम गराउन विद्युतीय हाजिरीलाई सबै विद्यालयमा अनिवार्य गराइनेछ। पालिकाद्वारा सि सि क्यामेराबाट अनुगमनलाई थप विस्तार र व्यवस्थित गरिनेछ।

१५. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न, विद्यालयको भौतिक पूर्वाधार निर्माण र मर्मतलाई प्रार्थमिकतामा राखिएको छ । दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । शिक्षाको महत्व र आवश्यकता बुझाउन अभिभावक, शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिलाई सामूहिक अन्तरक्रिया कार्यक्रम संचालन गरीनेछ। विद्यार्थी भर्ना तथा विद्यालय टिकाउ अभियानलाई प्रभावकारी बनाइनेछ।

१६. विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न, शारीरिक र मानसिक स्वास्थ्य बढाउनका लागि अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ। एक विद्यालयमा एक प्रशिक्षक खेल शिक्षक तयार गर्न कार्यक्रम ल्याइनेछ। **"स्वस्थ मष्तिष्क, स्वस्थ ज्यान, योगसँगै शिक्षामा ध्यान"** को मर्मानुरूप **"एक विद्यालय, एक योग शिक्षक"** तयार गरी समुदायस्तरमा विस्तार गरी शान्त, समुन्नत र परिष्कृत समाज निर्माण गरिनेछ । प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापनमा जिम्मेवारीत्व बोध गराउन पालिकाबाट थप गरिएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

टेक नारायण उपाध्याय
अध्यक्ष

१७. विद्यार्थिहरुमा प्रतिभा विकास गराउन प्रतिभा प्रस्फुटन प्रदर्शनी मेला आयोजना गरिनेछ। जहाँ विज्ञान, प्रविधि एवं विद्यार्थिको विशिष्ट कला प्रस्तुत हुनेछ। विद्यालयको सकारात्मक प्रतिस्पर्धाले शिक्षाको गुणस्तर बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

१८. पालिकामा एउटा उदाहरणीय नमुना विद्यालय स्थापना गर्ने उद्देश्यले महेन्द्र माध्यमिक विद्यालयलाई नमुना माध्यमिक विद्यालयको रुपमा छनोट गरिएको छ । शिक्षाको गुणात्मक तथा परिमाणात्मक सुधार र अन्य विद्यालयलाई अनुसरण एवं सकारात्मक प्रतिस्पर्धाका लागि कार्य सम्पादन सम्झौतालाई दक्ष कार्यान्वयन गर्दै भौतिक तथा संस्थागत सुधारका लागि अनुदान सहयोग प्रदान गरिनेछ । शिक्षण प्रकृयालाई प्रबिधिमैत्री बनाउँदै स्मार्ट विद्यालय स्थापना गर्ने नीति अवलम्बन गरिनेछ । विद्यार्थीहरुलाई वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन तथा आविस्कारका क्रियाकलापहरुको अवसर सिर्जना गरिनेछ। प्राबिधिक शिक्षालाइ प्रोत्साहन गरिनेछ।

१९. शिक्षकहरुको पारिश्रमिक सम्बन्धित व्यक्तिकै खातामा EFT मार्फत प्रदान गरी विद्यालयको प्रशासनिक झन्झट कम गर्नुको साथै लेखापरीक्षणमा हुँदै आएको अतिरिक्त दायित्व कम गराइनेछ साथै पारिश्रमिक मासिक रुपमा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

**उपस्थित सभाका सम्पूर्ण सदस्यहरु**

२०. **"खेल सँगै जीवन हिडाउँछु, पालिकालाई देशभर चिनाउँछु"** भन्ने नारासहित पहिचानको आधारको रुपमा खेलकुदलाई लिंदै पालिकामा सम्भाव्य खेलाडी प्रोत्साहन, खेलाडी विकास र खेलाडी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। जिल्ला, प्रदेश तथा केन्द्रिय स्तरमा हुने प्रतिस्पर्धामा उत्कृष्ट हुने खेलाडीहरुको उच्च मूल्याङ्कनका साथ सम्मान गरिनेछ । खेलाडीहरुको पालिका स्तरीय खेलकुद विकास समिति निर्माण गरी सोही समित मार्फत एकिकृत खेल कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। प्रत्येक वडामा एक/एक वटा खेलमैदान स्तरोन्नती गरिनेछ ।

टेक नारायण उपाध्याय
अध्यक्ष

२१. खेलकुदलाई स्वास्थ्य र मनोरञ्जनसँग आबद्ध गर्दै निरन्तर रूपमा फरक फरक स्थानहरूमा पालिका तथा वडास्तरीय कपर्दी, क्रिकेट र कुस्ती लगायत अन्य सम्भाव्य स्थानीय खेलहरूको विकास र स्वत:स्फूर्त सहभागिता प्रवर्द्धन हुने क्रियाकलापहरू सञ्चालन गरिनेछ । अध्यक्षकप खेलकुद कार्यक्रमलाई थप परिस्कृत, व्यवस्थित र परिमार्जित गर्दै स्थानीय सम्भ्याव्यताका आधारमा पालिकास्तरीय खेलाडी विकाससँग जोड्ने गरी सञ्चालन गरिनेछ।

२२. **"विदेश हैन्, बिजनेस"** भन्ने भावनाका साथ वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सिपलाई स्थानीय स्तरमै प्रयोगमा ल्याउने प्रोत्साहनमूलक कार्यक्रम लागू गर्दै स्वरोजगारी र उद्यमशीलता विकासका लागि पालिकाबाट सहलगानीको वातावरण सिर्जना गरिनेछ । माग र रूचि अनुसार उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रीत गर्न छोटो अवधिका CTEVT बाट मान्यता प्राप्त सिप विकास तालिम सञ्चालन गरी काममा आबद्धताको अवसर सिर्जना गरिनेछ।

२३. युवाहरुलाई लागुपदार्थ लगायतका दुर्व्यसनीबाट बचाउन निरोधात्मक, प्रवर्द्धनात्मक, दण्डात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ। समाजिक सेवा, स्वयंसेवी सेवा, खेलकुद लगायतका क्रियाकलापमा आवद्ध गर्दै चेतनामूलक कार्यक्रम सञ्चालन गरी दुर्व्यसनीबाट मुक्त गराई समाजमा पुनर्स्थापनाको प्रबन्ध मिलाइनेछ।

२४. शारीरिक रुपमा फरक क्षमता भएका व्यक्तिहरुको अन्तरनिहित प्रतिभाको खोजी गरिनेछ । रुची, क्षमता र सम्भावना अनुसार जीवन निर्वाहको लागि सीप विकास कार्यक्रम ल्याइनेछ । अपाङ्गताको प्रकृतिअनुसार आवश्यक पर्ने दैनिक जीवन यापनका सामाग्रीहरु उपलब्ध गराइनेछ। अपाङ्ग सञ्जालहरुलाई सकृय वनाइनेछ।

२५. सबै प्रकारका लैंगिक तथा जातीय हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ। लैङ्गिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झारिनेछ। घरेलु

टक नारायण उपाध्याय
अध्यक्ष

हिंसाद्धारा पिडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । साथै जेष्ठ नागरिकहरुलाई विभिन्न संरक्षण तथा सम्मानका कार्यक्रम हरु लागु गरिनेछ।

२६. महिला, बालबालिका, अल्पसंख्यक, सिमान्तकृत, भूमिहिन, अति गरिब, आदिवासी जनजाति, दलित, सामाजिक बहिष्करण र पिछडिएको समुदायलाई लक्षित गरी उत्थानशील कार्यक्रमहरू सञ्चालन गरिनेछ। थारु समुदायको वंशाणुगत समस्याको रुपमा रहेको सिकल सेल्स एनिमिया रोगको पहिचान र उपचारको विशेष व्यवस्थाका कार्यक्रमहरु लागु गरिनेछ। यो रोगबाट अत्याधिक प्रभावित भइ दैनिक गुजारा टार्न नसक्ने परिवारलाई विशेष संरक्षणका कार्यक्रम ल्याइनेछ।

२७. अझैपनि गर्भमा छोरी भएकै आधारमा गरिने विभेद अन्त्य गर्न, बाल बिवाह अन्त्य गर्न, दाइजो प्रथा हटाउन लागु गरेको **"छोरी सुनौलो भविष्य कार्यक्रम"** लाई निरन्तरता दिएको छु।

२८. विद्यालय, वडा र पालिकास्तरमा गठित वाल सञ्जाल, महिला सञ्जालको क्षमता विकास, नेतृत्व विकास गरी सामाजिक जागरण, समाज सेवा र मानवीय भावना विकास गर्न सशक्त परिचालन गरिनेछ । हिंसा, उत्पिडन र शोषणमा परेका तथा अभिभावक बिहीन बालबालिकाको लागि मनोपरामर्शको साथै उच्च शिक्षा सम्मको व्यवस्था गरिनेछ। बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७८ तथा राष्ट्रिय रणनीति कार्यान्वयन गर्दै गाउँपालिकालाई बालश्रममुक्त र बालमैत्री पालिका बनाउनेतर्फ यो आवमा कम्तिमा २ वडालाई बालमैत्री वडा घोषणा गरिनेछ।

**उपस्थित गाउँ सभाका सम्पूर्ण सभा सदस्यहरु,**

२९. नवजात शिशु र ५ वर्षमुनिका बालबालिकाको मृत्युदर कम गर्न, दिगो विकास लक्ष्य प्राप्तिका लागि "खोज र खोप" अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरी खोपबाट छुट्ने बालबालीकाको संख्या अन्त्य गरी पूर्णखोप सुनिश्चितता र दिगोपना कायम गरिनेछ। सबै खोप तथा गाउँ घर क्लिनिकहरु व्यवस्थित बनाइनेछ। नेपाल सरकारको MNH रोड म्यापले निर्धारण गरेको लक्ष्य हासील गर्न मातृ मृत्यू,

टेक नारायण उपाध्याय

CamScanner

बालमृत्यु, शिशु मृत्य दरलाई घटाउन सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी संचालन गरिनेछ ।

३०. बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौलो हजार दिनका आमा, समाजमा पछाडि परेका समुदाय एवं पोषणमा सुधार गर्नु पर्ने विपन्न समुदाय लक्षित गरी महिला समुदायिक स्वयंसेविकाको परिचालन गरी बहुक्षेत्रीय पोषण योजना तेस्रोले निर्धारण गरेको सूचक प्राप्तिमा सहयोग हुनेगरी सामाजिक व्यवहार परिवर्तन सँग सम्बन्धित कृयाकलाप सञ्चालन गरी पोषण अवस्थामा गुणात्मक सुधार गरिनेछ ।

३१. किशोरीहरुमा हुने रक्तअल्पताको न्यूनिकरणका लागि सबै विद्यालयमा १० देखि १९ बर्ष सम्मका किशोरीहरुलाई आइरन चक्की वितरण लाइ निरन्तरता सगै थप सुदृढ गर्दै लगिनेछ र किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. ल्याब सेवा संचालनमा रहेका स्वास्थ्य चौकिको सेवालाई थप विशिष्टीकरण, सरल र सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ । ल्याब परीक्षणको लागि प्रयाप्त ल्याब सामाग्री व्यवस्थापन गरी ल्याब परीक्षणमा न्यूनतम शुल्क निर्धारण गरिनेछ । कार्यरत जनशक्तिलाई क्षमता अभिबृद्धि गरी ल्याब रिपोर्टमा एकरुपता तथा विश्वसनियता कायम गरिनेछ ।

३३. सबै बर्थिङ सेन्टरमा SBA तालिम प्राप्त दक्ष जनशक्तिबाट प्रसुती गराउने व्यवस्था मिलाईनेछ । साथै प्रसुति सेवा लिन बर्थिङ्ग सेन्टरसम्म आउन र प्रसुति सम्बन्धी जटिलताको कारणले हाम्रा संस्थाबाट रेफर भएका जटिलतायुक्त प्रसूतिहरुका लागि निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइएको छ । संस्थागत सुत्केरी पालिका घोषणा सफल पारिनेछ । ग्रामिण अल्ट्रासाउण्ड सेवालाई व्यवस्थित रुपमा उपलब्ध गराइनेछ । स्वास्थ्य कर्मी सहितको सुत्केरी सँग उपाध्यक्ष कोशेली भेटघाट तथा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

टेक नारायण उपाध्याय
अध्यक्ष

३४. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा परिवार नियोजन सेवा प्रभावकारी बनाउन लामो समयको गर्भान्तरका लागि IMPLANT/IUCD सेवा संचालन गर्न स्वास्थ्यकर्मीको लागि आवश्यक तालिम गराई पाँच वटै साधन उपलब्ध गराइनेछ।

३५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई उत्प्रेरणात्मक रुपमा परिचालन हुने वातावरण सिर्जना गरिनेछ। स्वयंसेवी रुपमा स्वयंसेविकाबाट पुराइएको योगदानको उच्च मूल्याङ्कन गर्दै भूमिकालाई तथ्याङ्कीय मापन योग्य बनाइनेछ। अनिवार्यरुपमा अवकास हुनु भएका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रदान गर्दै आइएको दिर्घ सेवा सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३६. मधुमेह, उच्च रक्तचाप लगायत विभिन्न नसर्ने रोगका बारेमा सचेतना कार्यक्रम संचालन गरिनेछ। ज्येष्ठ नागरिकलाई ४ पटक घरदैलो उपचार सेवा उपलब्ध गराइनेछ। सबै वडामा पाठेघरको मुखको क्यान्सर पहिचान स्क्रिनिङ्ग VIA शिविर संचालन गरिनेछ। जनस्वास्थ्यका कार्यक्रममा मानसिक स्वास्थ्यलाई एकीकृत गरि वैदेशिक रोजगारीमा रहेका परिवार, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा समुदायस्तरमा मनो परामर्श सेवा संचालन गरिनेछ। HIV/AIDS बाट पिडित व्यक्तिहरुको जिबन निर्वाहका लागि सहयोग गरिनेछ। आगामी आर्थिक वर्ष देखि डा. बिनोद निता कंडेल आँखा अस्पतालसँग समन्वय गरी मोतिया विन्दुको निशुल्क अप्रेसनको व्यवस्था गरिनेछ।

३७. गाउँपालिकामा विगत लामो समयदेखि निर्माण हुन नसकेको सुस्ता अस्पताल निर्माण कार्य तुरुन्तै प्रारम्भ गरी तिब्रताका साथ निर्माण सम्पन्न गरी सुस्ताबासीलाई विशेषज्ञ सहितको सेवा उपलब्ध गराइनेछ।

३८. नेपाल सरकारले निशुल्क उपलब्ध गराउने भनि तोकेका ९८ प्रकारका औषधीहरु प्रयाप्त रुपमा निशुल्क उपलब्ध गराइनेछ। स्वास्थ्य संस्थाहरूमार्फत नियमित प्रवाह हुने सेवाहरूलाई सबैको सरल, सहज र समान पहुँच स्थापित गरिनेछ। संविधानको

टेक नारायण उपाध्याय
अध्यक्ष

आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने हकको पूर्ण कार्यान्वयन गरिनेछ।

३९. क्षयरोग र कुष्ठरोग प्रभावितको पहिचान तथा उपचारको लागि स्क्रिनिङ क्याम्प सञ्चालन गर्ने, गैर सरकारी संस्थाहरुलाई परिचालन गर्ने तथा सामुदायिक स्वयंसेविका तथा स्वास्थय कर्मी परिचालन गरि प्रभावकारी उपचार सेवा प्रदान गरिनेछ।

४०. स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधार गर्न कर्मचारीलाई प्रोत्साहन तथा क्षमता अभिबृद्धीका कार्यक्रम ल्याइनेछ। स्वास्थ्य संस्थाको मापदण्ड पुरा गरी प्रथम बनाउने भूमिका निर्वाह गर्ने संस्था प्रमुख एवं कर्मचारीलाई पुरस्कृत गरिनेछ । मापदण्ड अनुसारको कार्य पुरा गर्न पहल नगर्ने कर्मचारीलाई दण्डित गर्ने नीति लिइनेछ।

**उपस्थित गाउँ सभाका सदस्यहरु**

४१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरूको सुदृढीकरण गर्दै सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरू सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरूमा सञ्चार संस्थाहरूको पहुँच बढाई खुला सरकारको नीति लिइनेछ। विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथमिकता दिइनेछ ।सञ्चार क्षेत्रको विकासका लागि क्रियाशील मिडिया, मिडियाकर्मी पत्रकारहरूको क्षमता विकासका विविध क्रियाकलापहरू सञ्चालन गरिनेछ।

४२. **"जनतासँग जनप्रतिनिधि"** कार्यक्रम सञ्चालन गरिनेछ। सञ्चार क्षेत्रमा योगदान पुर्‍याउने सञ्चारकर्मीलाई सम्मान गर्दै पत्रकारितामैत्री गाउँपालिकाको विकास गर्दै लगिनेछ। साथै गाउँपालिका भित्र एफ एम रेडियो लगायतका सञ्चारका माध्यमहरु स्थापना गरी सञ्चालन गर्न इच्छुक संस्था/व्यक्तिलाई आवश्यक सहयोग गरिनेछ।

अध्यक्ष

CamScanner

४३. न्यायीक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गरिनेछ। न्याय निरुपणको लागि आवश्यक ऐन, कानून तथा नीति निर्माण एवं अध्याबधिक गरिनेछ। मेलमिलाप कर्ताहरुलाई आवश्यक विषयगत ज्ञान, क्षमता विकास तालिम, अभिमुखिकरण र सचेतीकरण गरी वडा स्तरीय मेलमिलाप केन्द्रलाई सक्रिय बनाइनेछ। घरेलु हिंसा लगायतका अन्य स-साना विवादहरु मेलमिलाप केन्द्रबाटै तत्काल समाधान गरिनेछ। तथा न्यायिक समितिमा परेका उजुरींहरूलाई शिग्र समाधान गर्ने व्यवस्था मिलाईनेछ।

४४. सुस्तावासी सबैलाई सफा, सुरक्षित र स्वस्थकर खानेपानीको सुविधा उपलब्ध गराउन **"एक घर, एक धारा"** नीति बमोजिम निर्माणाधिन अधुरा खानेपानी आयोजनाहरुलाई विशेष प्रार्थमिकताकासाथ सम्पन्न गर्न पहल गरिनेछ। एक घर एक धारा कार्यक्रमलाइ सफल बनाउन आम्दानीको कुनै पनि स्रोत नभएका विपन्न परिवारलाई निशुल्क धारा जडान गरिनेछ। खानेपानी आयोजना लगायत समुदायले परम्परागत रुपमा प्रयोग गरिरहेका खानेपानीको आर्सेनिक लगायतका रसायन परीक्षणको व्यवस्था मिलाइनेछ। चुरे क्षेत्रमा रहेका खानेपानीका मुलहरुको संरक्षण गरिनेछ। वास योजनालाइ अध्यावधिक गर्दै संघीय तथा प्रदेश सरकारबाट प्रार्थमिकतापूर्ण आयोजनाहरु सञ्चालन गराइनेछ।

४५. सबै किसिमका व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी तथा जनप्रतिनिधिहरूलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता लाभग्राहीले समयमैं बिना झन्झट सरल र सहज रुपमा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

**गाउँ सभाका उपस्थित सदस्यहरु,**

टेक नारायण उपाध्याय
अध्यक्ष

४६. गाउँपालिकाभित्र व्यवसायिक पशुपालनमा लागेका कृषकहरुलाई व्यवसाय विस्तार र प्रबर्द्धन गर्न प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुग्धजन्य पदार्थको विविधीकरणका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै दुग्ध कृषक समूह, सहकारीलाई आवश्यक पर्ने औजार, उपकरण लगायतका प्रविधि हस्तान्तरणमा अनुदानको व्यवस्था मिलाइनेछ।

४७. दुध उत्पादन वृद्धि गरी किसानको आयस्तर बढाउन **"दुधमा आत्म निर्भर, निर्यातमा प्रवर्द्धन"** भन्ने नारा सहित पशु सुत्केरी पोषण कार्यक्रम विस्तारित रुपमा सञ्चालन गरिनेछ। गाइ भैंसिमा लाग्ने खोरेत, भ्यागुते, पि.पि.आर, स्वाइन फिभर, लम्पी स्किन, थुनेलो, बाँझोपन लगायतका आकस्मिक रोगको पहिचान र उपचारको गर्न निशुल्क गोठमै डोरटु डोर पशु उपचार सेवा उपलब्ध गराइनेछ। आवश्यक औषधीहरु निशुल्क प्रदान गरिनेछ। साथै गोठमै निशुल्क कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ बाच्छी जन्मिने बिजलाई लागु गरिनेछ। रोगको पहिचान गर्न निशुल्क गोबर परीक्षणको व्यवस्था मिलाइनेछ। स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुजन्य वस्तुहरूलाई कृषि सहकारीमार्फत सङ्कलन र वजारीकरण गर्ने प्रबन्ध मिलाइनेछ।

४८. सन २०३० सम्ममा कुकुरको टोकाइबाट हुने मानव मृत्युदर शून्य पार्ने अन्तराष्ट्रिय प्रतिबद्धता अनुसार रेबिज रोग नियन्त्रण तथा रोकथामका लागि गाउँपालिका भित्रका सामुदायिक तथा घरपालुवा कुकुरहरुको बन्ध्याकरण शिबिर संचालन गरिनेछ साथै निशुल्क रेबिजरोग विरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४९. गाउँपालिकाभित्र व्यवसायिक पशु पालन तथा कृषि पेशामा लागेका र आफ्नो ब्यवसायदर्ता नविकरण गरेका कृषकहरुलाई प्रोत्साहन स्वरुप खनिज मिश्रण तथा पालिकाका लाभका कार्यक्रममा प्राथमिकताकासाथ सेवा उपलब्ध गराइने व्यवस्था मिलाइनेछ। विमा सचेतना अभियान सञ्चालन गरिनेछ। गाईबाख्रा ,भैसी/ र माछा प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ।

CamScanner

५०. खाद्य सुरक्षा र खाद्य सम्प्रभूता सुनिश्चित गर्न खाद्य सम्प्रभूता सम्बन्धी कानून तर्जुमा गरी उत्पादक र उपभोक्ताको अधिकार सुरक्षित गरिनेछ। कृषि उपजलाई सङ्कलन, भण्डारण, वितरण र बजारीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रलाई सञ्चालनमा ल्याइनेछ। गाउँ पालिकामा स्थापित शित भण्डारलाई पूर्ण रुपमा सञ्चालन गरिनेछ।

५१. कृषि तथा पशुपालन क्षेत्रमा संलग्न कृषक, कृषक समूह तथा कृषि सहकारीहरूको बाली उत्पादन, कटान र विषादीको सुरक्षित प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ। बिसादीको बिक्री वितरण अनुमती सम्बन्धी तालिम सञ्चालन गरिनेछ। माटोको उपचार गर्न परीक्षण तथा कृषि चुन वितरण गरिनेछ। घाँसको बिउ, विषादी तथा व्यवसायिक उत्पादन बृद्धि गर्न कृषि यन्त्र उपकरण लगायतका सामाग्रीहरु अनुदानमा उपलब्ध गराउँदै कृषिलाई आर्थिक समृद्धिको मेरुदण्ड मान्दै **"व्यवसायिक कृषि पेशा अवलम्बन गरौँ, आत्मनिर्भर बनौँ"** भन्ने उद्देश्यका साथ कृषिलाई आधुनिकिकरण, व्यवसायीकरण तथा बजारीकरण गरिनेछ।

५२. कृषि पेसालाई सम्मानजनक र आकर्षित पेसाका रूपमा विकास गर्न बाली विशेष विधामा सर्वोत्कृष्ट कृषकलाई **जीवनदाता कृषक**को रूपमा घोषणा गरी पुरस्कृत गरिनुका साथै गाउँपालिका अन्तर्गत सञ्चालित औपचारिक कार्यक्रमहरूमा सम्मान प्रदान गरी गौरवान्वित महशुस गर्ने वातावरण सिर्जना गरिनेछ।

५३. उँखु तथा केरा खेतीलाई व्यवसायिक बनाउन प्रोत्साहन गरी चक्लाबन्दीमा आधारित बनाइनेछ। किसानलाइ बिउ मलमा अनुदान दिइनेछ भारतीय उँखु आयातलाइ बन्द गराइ नेपाली उत्पादनको राम्रो मूल्यको लागि नेपाल सरकार र चिनी मिल सँग समन्वय कायम गरिनेछ। चिस्यान केन्द्रमा संकलनको व्यवस्था मिलाइ मूल्य श्रृङ्खलामा आबद्ध गरिनेछ। मौरीपालन र च्याउ खेती प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। बढ्दो विषादी प्रयोगलाई निरूत्साहित गर्न IPM प्रविधिबाट IPM कृषक

पाठशाला सञ्चालन गरिनेछ । उल्लेखित कार्य गरी **"कृषि उत्पादनमा बृद्धी, सुस्ताको समृद्धी"** भन्ने नारालाई सार्थक पारिनेछ ।

५४. ठूलो क्षेत्रको रुपमा फैलिएको कृषि योग्य भूमिलाई मध्यनजर गरी सिंचाइ सुबिधा उपलब्ध गराइनेछ । सिँचाइका लागि परम्परागत कुलो प्रणालीलाइ पुन सुचारु गरी बाह्रै महिना सिँचित हुने व्यवस्था मिलाइनेछ । सामूहिक सिँचाइ प्रणालीलाइ जोड दिँदै स-साना बोरिङ्गको सट्टामा बृहत सिँचाइ योजना मार्फत ठूलो क्षेत्रलाइ सिँचाइ गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति ल्याइनेछ ।

५५. कृषि उत्पादनलाइ लागत प्रभावी बनाउन पेट्रोलियम पदार्थमा आधारित मटरलाई विस्थापित गर्न बृहत कृषि विद्युतीकरण कार्यक्रम ल्याइनेछ ।

५६. आलु तथा प्याज पकेट क्षेत्र सिर्जना गरी बृहत उत्पादन गरिनेछ । सित भण्डारमा आलु र प्याज संकलनको व्यवस्था मिलाइ उच्च मूल्यमा बजार व्यवस्थापन गराइनेछ । बिउँ उत्पादनको सम्भावना भएका अन्य खाद्यान्न तथा तरकारीवालीको बिउँ उत्पादनमा विशेष जोड दिइनेछ । व्यावसायिक तरकारी खेतीलाई सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरी सीत भण्डारलाई सफल रुपमा सञ्चालन गरिनेछ ।

५७. वैदेशिक रोजगारबाट फर्केका युवा तथा गाउँमा बेरोजगार रहेका युवाहरूको लगत सङ्कलन गरी गाउँपालिकाले सञ्चालन गर्ने विभिन्न योजनाहरू प्रदेश र सङ्घीय सरकारले गर्ने योजनाका कार्यक्रमहरूमा समावेश गरिनेछ । मेड्पा कार्यक्रमलाई गुणस्तरीय बनाउँदै स्वरोजगारी सिर्जना गरी गरिबी तथा बेरोजगारी कम गर्ने खालका सिपमुलक कार्यक्रमहरु ल्याइनेछ ।

५८. **"सुस्ता गाउँपालिकाको आधार, लघु उद्यममार्फत रोजगार"** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय स्रोत र साधनको परिचालन गरी लघु उद्यममार्फत मेड मोडेलमा आधारित उद्यमशीलता विकास गरिनेछ ।

टेक नारायण उपाध्याय
अध्यक्ष

CamScanner

५९. स्थानीय कच्चा पदार्थको प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन उपलब्ध गराउने नीति लिइनेछ। कानूनको दायरामा आउन नसकेका पालिका भरका उद्योग व्यवसाय, पसल, फार्मेसी सबैलाई कानून अनुसार पालिकामा व्यवसाय दर्ताका लागि दर्ता शिविर लगायतका उत्प्रेरणात्मक कार्यक्रम ल्याइनेछ। कानूनको दायरामा आउन नखोज्ने, स्थानीय कर नतिर्ने चिनी तथा भेली उद्योगहरु तथा पसल व्यवसायलाई कानूनी दायरामा ल्याइनेछ।

६०. स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धिका लागि तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यक तालिम प्रदान गरी सबै सहकारीलाई नेपाल सरकारबाट विकास भएको COPOMIS प्रणालीमा आबद्ध गराउन आवश्यक सहयोग एवम् सहजीकरण गरिनेछ। सहकारीमार्फत उद्यमशीलता विकासका लागि युवाहरूलाई सहकारीमा आबद्ध गराई स्वरोजगारमूलक उद्यमशीलता प्रवर्द्धन तालिम प्रदान गरिनेछ।

६१. सहकारीको नियमित तथा सघन अनुमगनबाट संस्थागत सुशासन कायम गर्दै समस्या देखिएका सहकारीमा सङ्कट समाधानका लागि आवश्यक पहल गरिनेछ। सहकारीको रकम हिनामिना गर्ने, अपचलन गर्ने संचालक व्यवस्थापक लगायत सबैलाई कानूनी कारबाहीको दायरामा ल्याउन विज्ञहरु संलग्न रहेको पालिका स्तरीय समिति निर्माण गरी प्रभावकारी परिचालन गरिनेछ।

६२. पर्यटनको प्रचुर सम्भावना बोकेको यस सुस्ता गाउँपालिकाको आन्तरिक तथा बाह्य पर्यटकीय सम्भावनाको उजागार गरी पर्यटन प्रवर्द्धन गरिनेछ। अनुमाघाट, चुहाडी जस्ता ऐतिहाँसिक महत्व बोकेका स्थानको महत्वको प्रकाशन, प्रचार प्रसार, आवश्यक भौतिक संरचनाको निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गरिनेछ। अनुमाघाटलाइ धार्मिक सद्भाव कायम गर्दै धार्मिक पर्यटन मार्फत लुम्बिनीसँग जोड्ने बुद्ध सर्किटमा आबद्ध गरी लुम्बिनी आउने पर्यटकलाई अनुमाघाट सम्म आउने वातावरण मिलाउन समुचित समन्वय र प्रचार प्रसार गरिनेछ।

टेक नारायण उपाध्याय
अध्यक्ष

६३. नेपालको ऐतिहाँसिक महत्व बोकेको वारि सुस्ता र पारी सुस्ताको समस्त नेपालीको मन जोड्ने झोलुङ्गे पुलको निर्माण सम्पन्न भइ सकेको र यो नेपालको सबै भन्दा लामो झोलुङ्गे पुल समेत भएकोले यसको उचित प्रचार प्रसार र आवश्यक सौन्दर्यीकरण गर्दै नेपाल र भारतका पर्यटक आकर्षण गरिनेछ। पुल सम्म पुग्न आवश्यक सडक पूर्वाधारको विकास गरी पुललाई पर्यटकको आकर्षणको केन्द्र बिन्दुको रुपमा लगिनेछ। सुरक्षा व्यवस्था मिलाउन सिसि क्यामेराको जडान र पूलको सुरक्षाको लागि ओभर लोड समस्या समाधान गर्न सुरक्षाकर्मी परिचालन गरिनेछ।

६४. निर्माणाधिन सुस्ता तालको निर्माण सम्पन्न गरी गाउँपालिकाको गौरवको योजनाको रुपमा गर्व गर्न लायक बनाइनेछ। ताललाइ पर्यापर्यटन र कृषि पर्यटनको रुपमा विकास गरिनेछ। तालमा माछाको व्यवसायिक उत्पादन गरी पालिकाका जनताहरुलाई रोजगारी र स्थानीय सरकारको आन्तरिक स्रोतको भरपर्दो आधारको रुपमा कायम गराइनेछ।

६५. विगत लामो समयदेखि यस गाउँपालिकामा चल्दै आएका मदरबाबामेला र ठाडिघाट मेलालाई पर्यटन प्रवर्द्धन सँग जोडिनेछ। मदरबाबा मेलालाई व्यवस्थित गरी आगन्तुकको लागि विशेष सुविधा, सुरक्षा र आकर्षण गर्न न्यानो आतिथ्यताको बन्दोबस्त गरिनेछ। सुरक्षाको समुचित प्रबन्ध, सुस्ता देखि त्रिवेणी सम्म जाने मार्ग निर्माण गर्न विनयी त्रिवेणी गाउँ पालिका सँग समन्वय गरी पदमार्ग विकास गर्ने नीति लिइनेछ। ठाडिघाट मेलालाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

६६. पर्यटन क्षेत्रलाई तुलनात्मक लाभका क्षेत्र अन्तर्गत अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्न पर्यटन गुरूयोजना निर्माण र पर्यटन पार्श्वचित्रको निर्माण गरिनेछ। ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न गाउँपालिका क्षेत्रमा होमस्टे क्षेत्र सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ। रमणीय स्थानहरुको पहिचान र विकास गरी आकर्षित वाल उद्यान, पार्क एवं बनभोज स्थलको निर्माण गरिनेछ।

टेक नारायण उपाध्याय
अध्यक्ष

६७. गाउँपालिकाको उत्पादनको सहज बजारीकरणको लागि गाउँपालिकाको महत्त्वपूर्ण बाक्लो आवादी भएका स्थानहरूमा हाटबजार सञ्चालन कार्यलाई थप व्यवस्थित बनाइनेछ। हाट बजारमा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै बजार व्यवस्थापनको लागि पूर्बाधार विकास गरिनेछ।

**उपस्थित सभाका सम्पूर्ण सदस्यहरू**

६८. सामुदायिक वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यालयहरूसँग समन्वय गरिनेछ। वन उपभोक्ता समूहलाई सम्बन्धित क्षेत्रका ऐन कानून र वनको दिगो व्यवस्थापन तथा जलवायु अनुकूलन जैविक विविधता संरक्षण सम्बन्धमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ। खुला स्थानमा बृक्षारोपण गरिनेछ।

६९. जलवायु परिवर्तनले पानीको उपलब्धता र पहुँचमा पार्ने असरलाई दृष्टिगत गर्दै चुरे पहाडमा परेको प्रभावका कारणले देखिएका असर न्यूनीकरणका विधिहरुको विकास र रिचार्ज पोखरी निर्माण गरिनेछ।

७०. गाउँपालिकामा चुरे क्षेत्रबाट बहने बिभिन्न खोलाले खेतबारी तथा घरहरु कटान गरी भू-क्षय तथा खेतबारी नोक्सान र बिभिन्न बजार क्षेत्र र बस्तीमा हुने डुवान समस्या समाधान गर्न आवश्यक तटबन्ध तथा संरक्षण गर्ने व्यवस्था मिलाइनेछ।

७१. चुरे क्षेत्रबाट बहने नदीबाट आउने स्रोतहरु बगेर जानबाट रोक्न खोला गहिरो भएको क्षेत्रहरुमा ड्याम निर्माण गरी नदिजन्य पदार्थको संकलन गरिनेछ। सामुदायिक वन तथा समुदाय सँगको समन्वयमा नदिजन्य पदार्थको सदुपयोग गर्ने त्यसबाट आउने आम्दानीको केही हिस्सा सम्बन्धित क्षेत्रका समुदायको आवश्यक विकासमा प्रयोग गर्ने गरी ठेक्का व्यवस्थापन गरिनेछ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरू,**

७२. सुस्ता गाउँपालिकाको गौरवको योजनाको रुपमा पाँच वटै वडा जोड्ने अध्यक्ष नमुना सडक निर्माण कार्यलाइ आगामी वर्ष सम्पन्न गरिनेछ। पालिका क्षेत्रभित्रका बिभिन्न सडकहरुलाई सवारी चापको हिसाबले तुलना गरी कालोपत्रे एवं आर सि सि र पि सि

टेक नारायण उपाध्याय
अध्यक्ष

CamScanner

सि प्रविधिबाट स्तरोन्नती गरिनेछ। भित्री सडक स्तरोन्नती गरी कच्ची सडक मुक्त पालिका घोषणा गरिनेछ।

७३. निर्माण कार्य सुरु भएको पालिकाको गौरवको योजनाको रुपमा लगिएको सुस्ता तालको बांकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ।

७४. राष्ट्रिय भवन निर्माण आचार संहिताको प्रभावकारी कार्यान्वयन गर्दै सम्पूर्ण पालिकाबाट निर्मित भवनहरुलाई भुकम्प लगायत प्रकोपबाट सुरक्षित आवास निर्माण गरीनेछ। नक्सापास तथा अभिलेखिकरण कार्यलाई थप व्यवस्थित बनाइनेछ।

७५. कृषि उत्पादनको सहज ढुवानी गर्नको लागि कृषि सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ। सडक लगायत पालिकाका सबै भौतिक संरचनाको गुणस्तरीयता परीक्षण गरी दिगो संरचना निर्माण गरिनेछ। उपभोक्ता समितिहरुबाट निर्माण हुने कार्यलाई गुणस्तरीय बनाउन उपभोक्ता समितिहरुलाई निर्माण सम्बन्धी अभिमुखिकरण गरीनेछ।

७६. पालिका क्षेत्रमा देखिएको न्यून भोल्टेजको विद्युत समस्यालाई समाधान गर्न गुणस्तरीय, भरपर्दो र उच्च भोल्टेजको विद्युत वितरणको लागि विद्युत प्राधिकरणसँग समुचित समन्वय गरी ट्रान्सफर्मर जडान लगायत आवश्यक कार्य गर्ने तथा गराइनेछ।

७७. विपन्न परिवार लक्षित आवास निर्माण कार्यक्रमलाइ निरन्तर रुपमा सञ्चालन गर्दै लगिनेछ। प्रदेश तथा संघीय सरकारसँगको पहलमा सुरक्षित आवास निर्माण गरी फुसको छाना तथा असुरक्षित घर मुक्त पालिका घोषणा गरिनेछ।

७८. नेपाली नहरको सुस्ता खण्डको बाटो निर्माण सम्पन्न भइसकेकोले भारतीय नहर क्षेत्रमा मर्मत गर्नुपर्ने आवश्यकता देखिएकोले सम्बन्धित पक्षसँगको समन्वयमा सुस्ता खण्डको मर्मत कार्य गरिनेछ।

७९. पालिकाभित्र एक रमणीय कलात्मक प्रदर्शन सहितको नेटुरल पार्क स्थापना गरिनेछ। पार्कमा सुस्ताको पहिचान झल्कने बुद्धको मुर्ती स्थापना गरिनेछ।

८०. **"हाम्रो सुस्ता, उज्यालो सुस्ता"** अभियान अन्तर्गत यस आवमा सुस्ताका मुख्य चोक, सरकारी कार्यालय तथा अन्य महत्त्वपूर्ण स्थानहरूमा हाइमास सौर्य सडक

टेक नारायण उपाध्याय
अध्यक्ष

बत्तिको जडान भइरहेकोले अन्य स-साना चोकहरुमा लाइट जडान गरी सुरक्षित, रमणीय र उज्यालो सुस्ता निर्माण गरिनेछ।

८१. पेपर लेस गभरनेन्स अवधारणा आत्मसाथ गर्दै पेपर लेस कार्यालयतर्फ अगाडि बढिनेछ। गाउँपालिका र अन्तर्गतका कार्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तयार गरी डिजिटल गाउँपालिकामा रूपान्तरण योजना अगाडि बढाइनेछ । गाउँपालिकाका सूचनाहरू वेभसाईटका साथै आधिकारीक सामाजिक सञ्जालमार्फत प्रवाह भइरहेको अवस्था रहेकोले सबै नागरिकलाई सामाजिक सञ्जालमा पहुँच स्थापना गर्दै काममा पारदर्शिता गरिनेछ।

८२. जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरूको सार्वजनिक सुनुवाइ, मूखपत्र प्रकाशन, जनतासँग अध्यक्ष-उपाध्यक्ष, जनप्रतिनिधिसँग गाउँपालिका, विकास तथा कृषि रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, त्रैमासिक आम्दानी र खर्च सार्वजनिकीकरण र दैनिक खर्च सार्वजनिकीरण गर्ने कार्यलाई व्यवस्थित बनाउदै लगिनेछ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

८३. **"भ्रष्टाचारमा शुन्य सहनशीलता"** को नीति अबलम्बन गरिनेछ । भ्रष्टचार पछि खोजिएको उपचार भन्दा भ्रष्टाचार हुनै नदिने नीतिलाई प्राथमिकताकासाथ अगाडी बढाइनेछ । साथै जनताप्रतिको पारदर्शिता, जवाफदेहिता, सहभागिता र कानूनको शासन जस्ता सुशासनका आधारस्तम्भहरूको आधारमा सेवा प्रवाहको प्रबन्ध मिलाइने छ।

८४. गाउँपालिकाबाट सञ्चालित प्रत्येक योजना तथा कार्यक्रमको तथ्याङ्कमा आधारित सूचक तयार गरी अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक एवम् प्रभावकारी बनाइनेछ। प्रदेश तथा संघीय योजनाको नियमित अनुगमन र खबरदारी गर्दै दिगो विकासलाई जोड दिइनेछ।

८५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका क्रियाकलापहरूलाई पारदर्शी बनाउनको लागि निरन्तर नियमन तथा अनुगमन गरिनेछ । गैर सरकारी संघ

टेक नारायण उपाध्याय
अध्यक्ष

संस्थासँगको समन्वय, सहकार्य र सहलगानीमा पालिकाको शिक्षा, स्वास्थ्य, खानेपानी, जलवायु परिवर्तन र विपद् व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय कार्य गरिनेछ।

८६. विपद् तथा प्रकोपको जोखिम रहेका क्षेत्रलाई समयमा नै पहिचान गरी नक्साङ्कन सहित जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गर्दै मानवीय तथा अन्य जनधनको क्षतिलाई कम गर्ने नीति लिइनेछ।

८७. पालिका तथा वडा स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अनुसार प्रतिकार्यका कार्यहरु सञ्चालन गरिनेछ। पूर्व सूचना प्रणालीको विकास, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको व्यवस्थालाई प्रभावकारी बनाउँदै लगिनेछ। विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश सरकार, स्थानीय समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्रहरूसँग सहयोग समन्वय र सहकार्यलाई जोड दिइनेछ। साथै गाउँपालिकामा स्थापित विपद् व्यवस्थापन कोषलाई मजबुद बनाइ स्रोतको उचित परिचालन गरिनेछ।

८८. गाउँपालिका भित्रका खोलाहरूमा बाढी आउने सम्भावनाका आधारमा जलाधार संरक्षण तथा तटबन्ध जस्ता कार्यहरूलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

८९. माहामारी तथा विपद् व्यवस्थापनका लागि पालिका तथा वडा स्तरमा RRT ( Rapid Response Team) र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) लाई प्रभावकारी बनाइनेछ। साथै विपद् व्यवस्थापनका लागि आवश्यक पूर्व तयारीका तालिम, अभ्यास जस्ता कार्यहरूमा जोड दिंदै समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमको सञ्चालन गरिनेछ।

९०. गाँउपालिकाबाट उपभोक्ता समितिमार्फत सञ्चालित तथा अन्य श्रममुलक प्रविधिले सञ्चालन गर्न सम्भाव्य आयोजनाहरू प्रधानमन्त्री रोजगार कार्यक्रमसँग म्याचिङ गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत सबै बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

टेक नारायण उपाध्याय
अध्यक्ष

११. गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, पुरातात्त्विक महत्त्वका सम्पूर्ण विषयहरूको खोज गरी अभिलेखीकरण गरिनेछ । सुस्तालाई चिनौं सुस्तालाई चिनाउ भन्ने मर्मानुसार नेपाली भूमी पारि सुस्तामा भाषा, साहित्य र कला प्रदर्शनी आयोजना गरिनेछ।

१२. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गर्दै सार्वजनिक खर्च प्रणालीलाई मितव्ययी बनाउन पालिका तथा वडा कार्यालयबाट हुने बिभिन्न नामका भ्रमण कार्यक्रम एवं अन्य अनावश्यक खर्च कटौती गरिएकोछ। साथै सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ। पालिकाको जिन्सी सम्पत्तीलाई बस्तुनिष्ठ आवश्यकताका आधारमा खरिद गर्ने, सही सदुपयोगमा ल्याउने, प्रयोगमा ल्याउन सकिने पुराना सामान मर्मत सम्भार गर्ने र प्रयोगमा आउन नसक्ने सामान हरुको लिलाम गरी प्रभावकारी जिन्सी व्यवस्थापन गरिनेछ।

१३. **"कर तिरौं सभ्य नागरिक बनौ"** भन्ने नारासहित वडास्तरीय व्यवसाय दर्ता नविकरण घुम्ती शिविर तथा कर सप्ताह सञ्चालन गरिनेछ । समयमा कर तिर्न नखोज्ने तथा नतिर्ने व्यक्ति/संस्थाहरूलाई थप जरिवानासहित असुल उपर गरिनेछ। अन्यथा गाउँपालिकाबाट प्रवाह हुने सेवाबाट बञ्चित गर्दै अन्य तालुक निकायबाट गरिने नविकरण र करचुक्ता जस्ता सेवा समेत उपलब्ध नगराउन समन्वय गरिनेछ।

१४. नारायणी नदीबाट हुन सक्ने नदीजन्य पदार्थको चुहावट रोक्न नगर प्रहरीको घुम्ती टोली परिचालन गर्ने, नेपाल प्रहरीसँगको समन्वयमा रात्रीकालीन गस्ती सञ्चालन गर्ने, अबैध उत्खनन गरी घाटगद्धी गरेका सामाग्रीहरु जफत गरी लिलाम गर्ने, चोरी हुन सक्ने स्थानहरुलाई केन्द्रित गरी प्रारम्भिक वातावरणीय परीक्षण गर्ने र ठेक्का व्यवस्थापन गर्ने, भारतीय पक्षबाट नदी क्षेत्रमा हुने निर्माण कार्यलाई बस्तुनिष्ठ परिमाण एकिन गरी राजस्वको दायरामा ल्याउने र आन्तरिक राजस्वमा पालिकालाई सबल बनाइनेछ।

टेक नारायण उपाध्याय
अध्यक्ष

CamScanner

**उपस्थित गाउँ सभाका सदस्यहरु**

९५. सङ्घीयताको मर्म र भावना अनुरूप **"सेवाको वरिपरी जनता नभइ जनताको वरिपरी सेवा"** भन्ने आदर्शलाई आत्मसात गरी मुस्कान सहित **शासकको भावनाले होइन, सेवकको भावनाले** जनतालाई सेवा प्रदान गरिनेछ। सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी, स्वास्थ्यकर्मी तथा शिक्षकहरूको क्षमता विकास सम्बद्ध तालिमहरुको व्यवस्था गरिनेछ । कर्मचारी तथा शिक्षकहरूलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा प्रोत्साहन, पुरस्कार तथा दण्डको व्यवस्था मिलाइनेछ। साथै **"The right man, in the right place"** को अवधारणा प्रभावकारी कार्यान्वयन गरिनेछ।

९६. उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमता भरपूर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ। कार्यालय र जनशक्तिलाई उचित व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाहमा जोड दिइने छ। उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाइ उच्च मूल्याङ्कनका साथ सम्मान गरिनेछ। जिम्मेवारी बहन नगर्ने र जनताप्रति उत्तरदायी नहुने कर्मचारीहरूलाई प्रचलित ऐन कानून बमोजिम दण्ड सजायको व्यवस्था गरिनेछ। साथै अन्य स्थानीय तह तथा सङ्घ संस्थाहरूले गरेका राम्रा असल अभ्यासहरुको अनुसरण गरिनेछ।

९७. खुला सरकारको मान्यतालाई पुष्टी गर्न स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, व्यवस्थापन परीक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति कार्यान्वयनमा ल्याईनेछ।

९८. अन्त्यमा, उल्लिखित नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट यस सुस्ता गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन सकिन्छ भन्ने दृढ संकल्प लिएको छु। नीति तथा कार्यक्रमको तर्जुमाको क्रममा आफ्ना अमूल्य सुझाव प्रदान गर्नुहुने सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सम्पूर्ण सदस्यहरु, पूर्व जनप्रतिनिधि, सम्पूर्ण गाउँपालिकाबासी

टेक नारायण उपाध्याय
अध्यक्ष

महानुभावहरु प्रमुख प्रशासकीय अधिकृत लगायत गाउँपालिकामा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सञ्चार जगत् तथा सम्पूर्ण सरोकारवाला पक्षहरू तथा सामाजिक सञ्जाल एवं इमेल इन्टरनेटबाट सकारात्मक राय सुझाव उपलब्ध गराउने सुभेच्छुक सबैलाई हार्दिक धन्यवाद प्रदान गर्दछु । हालसम्मको पालिकाको उपलब्धी प्राप्त गर्न पुर्याउनुभएको योगदानको कदर गर्दै आगामी वर्षको नीति तथा कार्यक्रमको कुशल कार्यान्वयन गरी समृद्ध र खुसी पालिकाबासी बनाउने मेरो अभियानमा सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

धन्यवाद !

टेक नारायण उपाध्याय

अध्यक्ष

**टेक नारायण उपाध्याय**
अध्यक्ष